## अनुसूची १.    आन्तरिक प्राङ्गारिक उत्पादन मापदण्ड

यो मापदण्ड प्राङ्गारिक बाली उत्पादनको लागि सामान्य जानकारी मात्र हो । यस संक्षिप्त मापदण्डले बाली उत्पादन, सामान्य प्रशोधन तथा सामग्री ओसारपसार गर्न कृषक तथा प्रारम्भिक प्रशोधकलाई जानकारी उपलब्ध गराउने अपेक्षा गरिएको छ । यस संक्षिप्त मापदण्डलाई लागू गर्ने तथा यस अनुसार बाली उत्पादन, सामान्य प्रशोधन एवं ओसारपसार गर्न सकेको खण्डमा प्राङ्गारिक बालीको गुणस्तर कायम गर्न एवं अन्य अप्राङ्गारिक वस्तुबाट प्राङ्गारिक बाली प्रदुषित हुनबाट जोगाउन सहयोग पुग्दछ ।

१.    खेती गर्ने तरिका

१.१    प्राङ्गारिक तरिकाबाट उत्पादन गरिने बाली प्रदुषित जमिनमा खेती गरी उत्पादन गर्नुहुँदैन – यस्ता प्रदुषकहरूमा शहरी फोहारमैला, धातुजन्य फोहोर, किटनाशक पदार्थ, औद्योगिक रसायन, बढी मात्रामा रासायनिक मल प्रयोग खेत बारीहरु पर्दछन ।

१.२    खेती गरिने कित्तामा पानी जम्नु हुँदैन र सजिलैसँग बाहिर जाने हुनुपर्दछ) ।

१.३.    सिँचाई गरिने क्षेत्र भएमा, सिँचाईको लागि आउने पानीको श्रोत तथा कुलो, नहर प्रदुषणमुक्त हुनुपर्दछ ।

१.४    मलखाद, कम्पोष्ट, गोबरमल जस्ता मलखाद हानिकारक जीवाणुबाट मुक्त हुनुपर्दछ ।

१.५.    झारपात तथा रोगकीरा नियन्त्रण गर्न कुनै रासायनिक पदार्थ प्रयोग गर्नु हुँदैन ।

१.६.    प्राङ्गारिक वा जैविक बिधि अन्तर्गत बोटबिरुवाबाट बनाइने कीटनाशक प्रयोग गर्नु परेमा सहयोगी निकाय संग परामर्श गर्नु पर्दछ ।

१.७    माटोको उर्वराशक्ति विकास गर्न तथा रोग कीरा नियन्त्रण गर्न सहयोगी निकायबाट प्राप्त सूचीमा उल्लेख गरिएका वस्तु प्रयोग गर्न सकिन्छ ।

१.८    यस बाहेक अन्य सूचना तथा जानकारी सहयोगी निकायबाट बेलाबखतमा लिइराख्नु पर्दछ ।

२.    माटोको व्यवस्थापन तथा उर्वराशक्ति व्यवस्थापन

२.१    माटोको उचित व्यवस्थापनको लागि भू–बनोट अनुसार भूक्षय नियन्त्रण बिधि लागू गर्नु गर्नुपर्दछ ।

२.२    अन्तर–बाली वा बाली बगैचाको छेउ छाउ वा साँध सिमानामा कोशेबाली तथा हरियो मल हुने बाली लगाउनुपर्दछ ।

२.३.    गाईभैंसीको मल तथा घाँसपात कुहाएर मल बनाउनुपर्दछ ।

२.४ नकुहिएको मल प्रयोग गर्नुहुँदै्रन।

२.५. अवस्था हेरी झोलमल, सूक्ष्म जीवाणु तथा बोटबिरुवाको रस, बिरुवाको वृद्धि गराउन प्रयोग गर्न सकिन्छ।

२.६. गोठेमल तथा गहुँत व्यवस्थापनको कार्य गर्नुपर्दछ।

२.७ कुनै किसिमको रासायनिक मल प्रयोग गर्नुहुँदैन।

३. रोगकीरा तथा झार व्यवस्थापन

३.१ रोगकीराको प्रकोप न्यूनीकरण गर्न सकभर बाली बिबिधिकरण गर्नुपर्दछ।

३.२ शत्रु जीव व्यवस्थापनको लागि भौतिक, यान्त्रिक, जैविक तरिका अवलम्बन गर्नुपर्दछ।

३.३. बोट बिरुवाबाट बनाइएको कीटनाशक प्रयोग गर्नु पूर्व सहयोगी निकायको सल्लाह सुझाव लिई आन्तरिक नियन्त्रण प्रणालीबाट स्वीकृति लिएर मात्र प्रयोग गर्नु पर्दछ। (जस्तै सुर्तीको झोल प्रयोग गर्न पाइँदैन)।

३.४ शत्रु जीव व्यवस्थापन गर्न कुनै किसिमको रासायनिक विष प्रयोग गर्न पाइँदैन।

३.५. रोग कीरा नियन्त्रण गर्न अन्तरेबाली, साथी बाली जस्ता पद्धति लागू गर्नुपर्दछ।

३.६. बाहिरबाट ल्याइएको जैविक सामग्री ल्याउनु पूर्व GMO बाट बनेको हो होइन, यकिन गर्नुपर्दछ।

३.७ झारपात नियन्त्रण गर्न गोडमेल, काँटछाँट, छापो हाल्ने विधि लागू गर्नुपर्दछ।

३.८ कुनै किसिमको रासायनिक पदार्थ प्रयोग गर्नुहुँदैन।

४. जैविक विविधता तथा छहारी दिने रुखहरू

४.१ बाली उत्पादनको लागि छहारी आवश्यकता हुने हुँदा भूबनोट अनुसार ठूला रुखहरू लगाउनु पर्दछ।

४.२ यस्ता रुखहरू लगाउँदा रैथाने तथा कोशेबाली समूहको लगाउनु पर्दछ।

४.३. बोटबिरुवा, फलफूल आदि लगाउँदा साना कीरा, मौरी तथा चराचुरुङ्गीको लागि लाभ पुग्ने किसिमका जातहरू छनोट गर्नु राम्रो हुन्छ।

५. बाली भित्र्याउने

५.१ बाली टिपाइ गर्दा मूल बोटलाई हानी नोक्सानी नहुने गरि गर्नु पर्दछ ।

५.२. बाली टिपाइ गर्दा सकभर हाँगाबिँगा नभाँचिने किसिमले गर्नुपर्दछ।

५.३. अन्य प्राविधिक सेवा तथा जानकारी सम्बन्धित सहयोगी संस्थाबाट लिनुपर्दछ।

६.	प्रशोधन तथा भण्डारण

साना कृषक स्तरमा बाली उत्पादन गर्ने तथा साना प्रशोधन उद्द्योग आफैले चलाई रहेका ब्यबसायीलाई संकेत गरिएको हो ||

६.१	बाली टिपेपछि प्रशोधन गर्दा प्राङ्गारिक तथा अन्य तरिकाबाट उत्पादन गरेको बाली छुट्टै राख्नु पर्छ तथा अन्य प्रशोधन गरिने भए छुट्टा छुट्टै गर्नु पर्दछ ।

६.२	सङ्कलन गरिने सामग्री (डोको, बोरा ) तथा प्रशोधन गर्ने सामान, औजारहरू अन्य तरिकाको प्रशोधनका लागि प्रयोग गरेपछि प्राङ्गारिक प्रशोधन गर्नुपरेमा राम्रोसँग सफा गरेर मात्र प्रयोग गर्नुपर्दछ।

६.४	प्रशोधन पूर्व वा पश्चात् बाली भण्डारण छुट्टै कोठामा गर्नुपर्दछ।

६.५	पुरानो बोरा, थैला प्रयोग गर्नु परेको खण्डमा राम्रोसँग सफा गरेर मात्र प्रयोग गर्ने तर रासायनिक मल तथा अन्य कुनै रासायनिक पदार्थ प्रयोग गरेको सामग्री भने प्रयोग गर्न पाइँदेन।

७.	सामग्री ओसारपसार

७.१	ताजा बाली होस् वा प्रशोधित जे जस्तो बाली भए पनि एक ठाउँबाट अर्को ठाउँमा लानु पर्दा अन्य सामग्रीसँग यस्तो बाली सम्पर्क हुनबाट जेगाउनु पर्दछ।

७.२	पूरै गाडी भाडामा लिएर ओसारपसार गर्दा गाडीवालासँग आवश्यक करारनामा गर्नुपर्दछ र यस्तो करारनामा बाली को गुणस्तर जोगाउन गर्नुपर्ने प्रयासका विषय उल्लेख गर्नुपर्दछ।

## अनुसूची १.१	प्रयोग गर्न पाउने मलखाद तथा जैविक र अन्य रोग किरा नाशक को सूची

| क्र सं | सामग्रीको नाम | पाउने/नपाउने | विवरण |
|---|---|---|---|
| ०१ | हड्डी चूर्ण | √ | कहिले काहीं क्षारियपन बढाउने हुँदा अध्यायन पछि प्रयोग गर्ने |
| ०२ | खुदो/सखर | √ | सुक्ष्म जीवाणुको गतिविधि बढाउन, कम्पोष्ट छिटो कुहाउन। |
| ०३ | विभिन्न प्रकारका पिना | √ | नाईट्रोजनको मात्रालाई जोगाउन तथा बिरुवालाई हानी हुन् बाट रोक्न राम्रो संग कम्पोस्टिंग गरेर प्रयोग गर्ने |
| ०४ | धानको ढुटो | √ | छापोको लागि राम्रो, सिलिकनको मात्रा बढी र खाद्यतत्व कम हुने हुँदा अरूसँग मिसाएर प्रयोग गर्ने। |
| ०५ | उद्योगबाट निस्कने फोहोर | + | कडा धातु युक्त फोहोर हो कि होइन एकिन गर्नु पर्छ. कडा धातु युक्त भए प्रयोग गर्नु हुन्न | अरु सामान्य फोहोर भए राम्रो संग Composting गरेर मात्र प्रयोग गर्नु पर्छ | |
| ०६ | खरानी (दाउराको) | √ | पोटासियम पाउने हुँदा प्रयोग गर्न हुन्छ, साना बिरुवा भएको नर्सरीमा थोरै प्रयोग गर्ने |

| | | | |
|---|---|---|---|
| ०७ | काठको धूलो | √ | प्रयोग गर्न राम्रो, Cellulose को मात्रा कहिले काही कुनै जातमा धेरै हुन सक्छ जसको कारण कमिला, धमिरा लाग्न सक्छ । राम्रो संग Composting गरेर प्रयोग गर्ने |
| ०८ | सुक्ष्म जीवाणु | √ | GMO मुक्त हुनु पर्छ । |
| ०९ | डोलो माइट | √ | पी.एच. बढाउन प्रयोग गर्न सकिन्छ तर बढी भएमा विषाक्त हुने हुँदा माटो जाँच पछि सिफारिश गरे अनुसार प्रयोग गर्ने |
| १० | काँचो गोबर | + | राम्रो संग Composting नगरी प्रयोग गर्न पाइदैन । |
| ११ | च्याउ बनाएको पराल | √ | प्रयोग गर्न पाईन्छ तर छोटो अवधिको वालीमा प्रयोग गर्नु पूर्व राम्रोसँग कुहाउनु पर्छ। |
| १२ | प्राङ्गारिक मल | √ | प्रयोग गर्न पाईन्छ तर प्रयोगकर्ता GMO को विषयमा सचेत हुन जरुरी हुन्छ। |
| १३ | माटोको सुक्ष्म तत्व | + | तामा, गन्धक, कोवाल्ट, बोरन, म्यान्गानिज, मोलिबन्डेनम, जिंक, फलाम, आयोडिन जस्ता सुक्ष्म तत्व कमी भएको कुरा माटो जाँचबाट प्रमाणित भएमा प्रमाणीकरण निकायको परामर्श तथा सिफारिस लिइ प्रयोग गर्ने। |
| १४ | हरियो मल | √ | झोल वा ठोस रूपमा प्रयोग गर्ने अथवा बाली प्रणालीमा हरियो मल संलग्न गर्ने। बाहिरबाट ल्याएको सामग्रीमा भने प्रमाणित ह होइन स्पष्ट रुपमा हेर्ने । |
| १५ | प्राकृतिक नाइट्रोजन मल | + | रक्तचूर्ण, निलो हरियो झ्याउ, पिना, कुखुराको सुली प्रयोग गर्न सकिन्छ तर यी वस्तुको प्रयोगबाट माटोको खाद्य सन्तुलन बिग्रन हुन्न। साथै कुनै कुनै सामाग्री राम्रो संग कुहाएर मात्र प्रयोग गर्ने। |
| १६ | प्राकृतिक पोटासियम मल | + | १५ नं. मा जस्तै साँच्चै नै कमी देखिएमा सन्तुलन नबिग्रने गरि प्रयोग गर्ने। |
| १७ | कुखुराको सुली | + | १५ नं. मा भने झै गरी प्रयोग गर्ने तर राम्रो सँग Composting गरेको हुनु पर्छ |
| १८ | चराहरु बाट प्राप्त हुने मल | + | राम्रो सँग Composting गरेर प्रयोग गर्न सकिन्छ |
| १९ | गाई भैंसी, भेँडा बाख्राको मल | + | ९०–१२० दिनसम्म कम्पोष्टिङ गर्नु पर्दछ। राम्रोसँग कुहिएको मललाई पनि कृषकले सूर्यको सिधा प्रकाश, वर्षातको पानीबाट जोगाउनु पर्दछ। मलमा हुने सुक्ष्म जीवाणुको गतिविधिलाई कायम राख्न प्राकृतिक चट्टानबाट आएको फस्फेटको धुलो अलि अलि छर्किनु राम्रो हुन्छ। यसरी पाकेको कुहिएको मल बारीमा प्रयोग गर्नासाथ मललाई जोतेर वा खनेर माटोमा मिलाई सक्नु पर्दछ। |
| २० | खनिज मल | + | प्राकृतिक श्रोतबाट आएको तथा माटोमा परिपूरकको रूपमा मात्र प्रयोग गर्न पाईन्छ। रासायनिक प्रकृयाबाट बनेको खनिज मल (रासायनिक मल) प्रयोग गर्न पाइदैन। |
| २१ | गोबर ग्यासबाट निस्केको लेदो/मल (Slurry) | √ | गोबर ग्यासको लागि प्रयोग गरिने काँचो मल कुहिदाँ मिथेन ग्यास उत्पादन हुन्छ र यस प्रकृयामा मलमा भएका सुक्ष्म तत्वको अवस्था के हुन्छ भन्ने विषयमा राम्रो जानकारी नभएको अवस्थामा गोबर ग्यासको लेदोमा अन्य झारपात, पराल मिसाई कम्पोष्ट गरेर प्रयोग गर्दा मलमा खाद्य तत्व बृद्धि हुन जाने हुँदा यसरी प्रयोग गर्नु राम्रो हुन्छ। साथसाथै यसबाट मलको मात्रा पनि बढाउन सकिन्छ। |
| २२ | कृषि चून | + | माटोमा अम्लियपन बढेको पाइएमा सिफरिस गरे अनुसार प्रयोग गर्न पाइन्छ। |
| २३ | घुम्ती बाली | √ | बाली Perennial बाली भएको हुँदा कृषि बन पद्धति लागू गर्नु पर्दछ । |

| | | | |
|---|---|---|---|
| २४ | छापो हाल्ने | √ | चियाको काँट/छाँट गर्दा, गोडमेल गर्दा तथा वरपरको रुख विरुवा वाट आउने पात पतिङ्गर जस्ता सामग्री राखेर छापो लगाउन पाइन्छ l |
| २५ | राईजोवियमको प्रयोग | + | GMO बाट उत्पादन नगरेको राइजोवियम प्रयोग गर्न पाईन्छ। |
| २६ | रक्त चूर्ण | + | सिफारिश अनुसारको रक्तचूर्ण प्रयोग गर्न सकिन्छ |
| २७ | जिप्सम | + | माटोको पि.एच. सुधार गर्न प्राकृतिक श्रोतबाट प्राप्त जिप्सम प्रयोग गर्न पाइन्छ। |
| २८ | माटो सुधार्ने प्राकृतिक/जैविक सामग्री | + | माटोमा प्राङ्गारिक पदार्थ बृद्धि गर्ने, ह्युमसको अवस्था सुधार्ने, कुनै प्रतिकूल असर नपार्ने तथा प्राकृतिक, जैविक र प्राङ्गारिक श्रोतबाट आएका बस्तु प्रयोग गर्न हुन्छ। |
| २९ | निलो, हरियो झ्याउ (Blue Green Algae) | + | खेतमा लगाउने धान बालीमा नाइट्रोजनको अवस्था सुधार्न प्रयोग गर्न पाइन्छ। |
| ३० | समुद्री झ्याउ÷झार | + | भर पर्दो श्रोतबाट आएको छ भने प्रयोग गर्न पाइन्छ l |
| ३१ | कम्पोष्टमा प्रयोग गर्ने जीवाणु | + | GMO बाट प्रदुषित छैन भने प्रयोग गर्न पाइन्छ l |
| ३२ | विरुवा, तरकारीको अवशेष | + | Composting गरेर प्रयोग गर्न पाइन्छ l |
| ३३ | ग्रीनाइट | + | पोटासको कमी भएमा सुधार्नको लागि सिमित मात्रामा प्रयोग गर्न पाईन्छ। |

श्रोत – IFOAM आधारभूत मापदण्ड तथा विभिन्न मापदण्डहरु

## रोग, कीरा तथा झार नियन्त्रण गर्ने उपाय एवं सामाग्रीहरू

| क्र सं | सामग्रीको नाम | प्रयोग गर्न पाउने/ नपाउने | विवरण |
|---|---|---|---|
| ०१ | च्याप च्याप लाग्ने पदार्थ | √ | पंहेलो रंगमा मिलाएर प्रयोग गर्दा बढी प्रभावकारी हुने। |
| ०२ | गन्धक | + | ढुसी रोग नियन्त्रण गर्न प्रयोग गर्न सकिने तर प्रयोग सावधानीका साथ गर्नु पर्ने |
| ०३ | काठ, दाउरा बालेर निस्केको खरानी | √ | पातमा तथा बोटको वारीपरि प्रयोग गर्न सकिने |
| ०४ | जिब्रालिक Acid | + | तर GMO वा अन्य हानीकारक रसायन बाट प्रदुषित हुनु हुदैन। बिरुवाको बृद्धि प्रबर्द्धनका लागि प्रयोग हुने। |
| ०५ | सिस्नो र मर्चाको मिश्रण | √ | प्राविधिक सल्लाहमा Foliar प्रयोग गर्न सकिने |
| ०६ | सुक्ष्म जीवाणु | √ | GMO मुक्त हुनु पर्ने |

| | | | |
|---|---|---|---|
| ०७ | निलो तुथो | + | प्राविधिकको सुझाव अनुसार प्रयोग गर्न सकिने |
| ०८ | सोडियम बाइ कार्बोनेट | + | प्राविधिकको सुझाव अनुसार प्रयोग गर्न सकिने |
| ०९ | पोटासियम परमाग्नेट | + | प्राविधिकको सुझाव अनुसार प्रयोग गर्न सकिने |
| १० | वानस्पतिक मिश्रण | √ | मापदण्डले प्रयोग गर्न छुट दिएका विरुवाहरुको मिश्रण बनाएर प्रयोग गर्न सकिने प्राविधिकको सुझाव अनुसार प्रयोग गर्न सकिने |
| ११ | भेनेगर | + | प्राविधिकको सिफारिश अनुसार |
| १२ | बि टि जीवाणु (Baccillus thurengensis | + | GMO मुक्त हुनु पर्ने |
| १३ | प्लाष्टिक | + | छापो वा संकलित बाली जम्मा गरेर राख प्रयोग गर्न सकिने I तर यो सामग्री पछि गएर एउटा ठुलो समस्या हुने भएका ले सकभर कम प्रयोग गर्ने I |
| १४ | जमीनको वर पर रुख | √ | बाली विरुवालाई छाहारी, जैविक विविधता, चरा चुरुङ्गीलाई वास, कृषि बाली लागि जिवाष्मका लागि पनि आफ्नो ठाउँ हेरी रुख बिरुवा लागाउने |
| १५ | कीरा आकर्षक पदार्थ | + | GMO मुक्त, रासायनिक पदार्थबाट नबनेको प्रयोग गर्न सकिने। |
| १६ | इथाइल युक्त रक्सी | + | प्राविधिकको सल्लाह लिएर किरा नियन्त्रणमा प्रयोग गर्न सकिने I |
| १७ | किराको लागि पासो | √ | यान्त्रिक पासो, जाल आदि राखेर नियन्त्रण गर्न पाइन्छ। |
| १८ | उज्यालो, बत्तीको पासो | √ | राति सक्रिय हुने हानीकारक किराहरु नियन्त्रण गर्न प्रयोग गर्न सकिने |